बैठक संख्या १२-०८१।८२

आज मिति २०८२।०१।२४ गतेका दिन यसै लालझाडी गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री निर्मल राना ज्यू. को अध्यक्षतामा तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँकार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु पारित गरियो।

**उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री निर्मल राना | ( गाउँपालिका अध्यक्ष ) |
| २. | श्री सपना चौधरी राना | ( गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री प्यारेलाल राना | ( १ नं. वडा अध्यक्ष) |
| ४. | श्री आशाराम राना | ( २ नं. वडा अध्यक्ष) |
| ५. | श्री टिकाराम डगौरा | (३ नं. वडा अध्यक्ष) |
| ६. | श्री बहादुर राना | ( ४ नं. वडा अध्यक्ष) |
| ७. | श्री पहल बहादुर थापा | ( ५ नं. वडा अध्यक्ष) |
| ८. | श्री हर्कनारायण जोशी | ( ६ नं. वडा अध्यक्ष) |
| ९. | श्री वसमती राना | ( गाउँकार्यपालिका सदस्य) |
| १०. | श्री दिलमाया चौधरी | ( गाउँकार्यपालिका सदस्य) |
| ११. | श्री विन्दु देवि तिरुवा | ( गाउँकार्यपालिका सदस्य) |
| १२. | श्री शान्ती सार्की | ( गाउँकार्यपालिका सदस्य) |
| १३. | श्री गीता देवि कोली | ( गाउँकार्यपालिका सदस्य) |
| १४. | श्री दुर्गा देवि कामी | ( गाउँकार्यपालिका सदस्य) |
| १५. | श्री राज बहादुर सार्की | ( सदस्य सचिव) |

**बैठक संख्या: १२ आ.व.२०८१।०८२ मिति२०८२।०१।२४गते बसेको कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१**

यस लालझाडी गाउँपालिकाको आवश्यक प्रक्रिया तथा खरिद विधि अपनाई भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी योजना अद्यावधिक गराउने निर्णय सर्व सम्मत्तीबाट पारित गरियो।

**निर्णय नं.२**

यस लालझाडी गाउँपालिका क्षेत्र भित्रमा पर्ने जग्गा धनी प्रमाण पुर्जा भएको व्यक्तिको स्वामित्वमा रहेको रहेको जग्गाबाट माटो उत्खनन एवं विक्रिका लागि स्वीकृति लिन निवेदन पेश गरेका देहाय बमोजिमका व्यक्तिहरुलाई सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन २०८१ को दफा ८ को उपदफा १ मा भएको व्यवस्था अनुरुप सोही ऐनको अनुसूचि ६ खण्ड (क) को स्पष्टीकरणको बुँदा नं २ र ३ अनुसार कानूनी व्यवस्थाको उल्लंघन नहुने गरी देहाय बमोजिमको दरमा एकमुष्ट शुल्क लिनेगरी उत्खनन तथा बिक्रीका लागि अनुमति वा स्वीकृति दिने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

देहायः

| सि.नं. | जग्गाधनीको नाम, थर | ठेगाना | उत्खनन् हुने माटोको परिमाण | प्रति घनमिटर दर रु. | एकमुष्ट लागत शुल्क रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | धनि राम राना (कमला रानाको नाममा निस्सा कायम) | लालझाडी ४, कञ्चनपुर | ५६२.५ घनमिटर | २०।- | ११,२५०।- | लालझाडी ४ मा रहेको ४ कट्ठा जग्गाबाट |

**निर्णय नं. ३**

यस लालझाडी गाउँपालिकाको देहाय बमोजिमको कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय सर्व सम्मत्तीबाट पारित गरियो।

देहाय

१. अन्तर स्थानीय तह बारुण यन्त्र सञ्चार तथा व्यवस्थापन कार्यविधि, २०८२
२. कृषि एम्बुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२
३. निर्माण सम्पन्न भवनको अभिलेखीकरण कार्यविधि, २०८२

**निर्णय नं. ४**

यस लालझाडी गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को नीति, कार्यक्रम तथा वार्षिक बजेट निर्माणका सम्बन्धमा नेपाल सरकारद्वारा तयार गरिएको स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८ बमोजिमको योजना तर्जुमा कार्यतालिका कार्यान्वयन गर्ने निर्णय सर्व सम्मत्तीबाट पारित गरियो।

**निर्णय नं. ५**

यस लालझाडी गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को नीति, कार्यक्रम तथा वार्षिक बजेट निर्माणका लागि पूर्व बजेट छलफल कार्यक्रम मिति २०८२/०१/३१ गतेका लागि तय गरी आयोजना गर्ने निर्णय सर्व सम्मत्तीबाट पारित गरियो।

लालझाडी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शंकरपुर, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

CS CamScanner